# साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

पत्र संख्या : २०७८/२०७९
चलानी नं. : ६३

१ नं. प्रदेश नेपाल
मिति : २०७८/०४/१७

विषय: नदीजन्य पदार्थ संकलन तथा निकासीमा पूर्ण प्रतिबन्ध लगाइएको सम्बन्धी सार्वजनिक सूचना !

श्री सरोकारवालाहरू सबै,
साकेला गाउँपालिका ।

प्रस्तुत विषयमा यस साकेला गाउँपालिकाका मूख्य नदीहरू साप्सु तथा तावा खोला र सहायक नदीहरूमा अज्ञात समूहले नदीजन्य पदार्थहरूको उत्खनन, संकलन तथा निकासी गरिरहेको भन्ने सुन्नमा आएको हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अधिनमा रही गाउँपालिकाले ठेक्कामार्फत बन्दोबस्त गर्ने भएकोले गाउँपालिकाभित्रका मूख्य तथा सहायक नदीहरूमा सम्पूर्ण नदीजन्य पदार्थको संकलन तथा निकासीमा पूर्ण प्रतिबन्ध लगाइएको व्यहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि यो सूचनाको बेवास्ता गरी कोही-कसैले प्रतिबन्धित कार्य गरेको पाइएमा निकासीका लागि प्रयोग भएको मालबाहकसहित कानूनी कारवाहीको प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

.....................
(सेवन भगर)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सम्पूर्ण वडा कार्यालयहरू - वडाभित्रमा कहिँ कतै यस्तो कार्य भएको पाइएमा कारवाहीका लागि सिफारिश गरी पठाउँनु हुन ।

"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"
e-mail: ito.sakelarmun@gmail.com
website : sakelamun.gov.np
(प्र. प्र. अ. ९८४२८६१२९६), (लेखा ९८४२९०५२८४) (सूचना अधिकारी ९८४२६९२०६५)